**अनुसूची- १२**
(दफा १८ को उपदफा (६) सँग सम्बन्धित)
**कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित**

**एस. एम. टी. क्यू फोरम नेपाल ( मुनाफा वितरण नगर्ने ) कम्पनीको**
**प्रवन्धपत्र**

१. **कम्पनीको नामः** यस कम्पनीको नाम एस. एम. टी. क्यू फोरम नेपाल र अँग्रेजीमा S.MT.Q Forum Nepal हुनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** : यस कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका, ललितपुर भ्याली कलेज, जावलाखेलको परिसर भित्र रहने छ र आवश्यकतानुसार नेपाल भित्र अन्य शाखा उपशाखा कार्यालयहरु समेत खोल्न सकिने छ ।

३. **कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृति :** नेपालमा विद्यमान खाद्य, औषधी तथा अन्य बस्तुहरुको स्तर निर्धारण, जाँच बिश्लेषण तथा गुण मुल्याँकन वा प्रमाणिकरण सँग सम्वन्धित बिभिन्न छरियर रहेका सरकारी वा गैह्र सरकारी निकायहरु सँग समन्वय राखी स्तर निर्धारण, मापाँकन, जाँच विश्लेषण तथा गुण मुल्याँकन वा प्रमाणिकरण ( Standardization, Metrology, Testing and Quality Assessment: SMTQ) को क्षेत्रमा अन्तराष्ट्रिय मान्यता अनुरुपको प्रभावकारी नेपाली सँरचनाको विस्तार गर्न उत्प्रेरक ( catalyst) वा अभियन्ता वा चाप समुह ( push group) को भुमिका निर्बाह गर्ने । यस्तै हालको विश्व ब्यापार सँगठन सँग सम्बन्धित "ब्यापारमा प्राबिधिक अवरोधहरु" ( TBT; Technical Barriers to Trade) तथा "स्वास्थ्य र वनस्पति स्वास्थ्य" (SPS; Sanitary and Phytosanitary Measures) सम्बन्धि सम्झौताहरु जस्ताको चुनौती सामना गर्न माथी उल्लेखित प्रभावकारी तथा सुदृढ सँरचना र एक्यबद्धताको आवश्यकता वारे सार्बजनिक तरफदारी गर्नुको साथै सम्बन्धित पक्षहरु बिच मिलनबिन्दुको रुपमा कार्य गर्ने ।

४. **कम्पनीको उद्देश्यः**

(१) मानविय तथा पर्यावरणिय सुरक्षाको अनुभुती प्रदान गर्दै बिश्वब्यापी प्रतिस्पर्धीको रुपमा नेपाललाई प्रस्तुत गर्न नेपाली उत्पादन तथा सेवाको गुणस्तरमा उत्कृष्टता हासिल गराउने लक्ष राखी स्थापित यस कम्पनीको उद्देश्य देहाय बमोजिमको हुनेछ :-

(क) खाद्य औषधी तथा अन्य बस्तुहरुको गुणस्तर निर्धारण, मापाँकन, जाँच विश्लेषण तथा गुण नियन्त्रणको साथै गुण स्तर प्रमाणिकरण र आधिकारिक मान्यता (Accreditation) को प्रकृया अगाडी बढाउने सम्बन्धमा अन्तराष्ट्रिय मान्यता अनुसारको सँरचना नेपालमा पनि विस्तार गर्न सम्बन्धित सरकारी तथा गैह्र सरकारी निकायहरुको सहयोगार्थ नेपाली बिशेषज्ञहरुको राष्ट्रिय स्तर को कार्य टोलीको रुपमा कार्य गर्ने ।

(ख) यस फोरमका सदस्य निकायहरुको प्रविधिक क्षमता र बौद्धिकता बृद्धी गर्न तालिम तथा गोष्ठिको आयोजना गर्ने ।
(ग) गुण/ स्तर निर्धारण, मापाँकन, जाँच विश्लेषण तथा गुण मुल्याँकन सम्बन्धमा सरकारी तथा अन्य निकायहरुको एक आपसमा विचार विमर्श, समिक्षा, मुल्याँकन, परामर्श तथा सुचना आदान प्रदान गर्ने थलोको रुपमा कार्य गर्ने ।

(घ) निष्पक्ष, गैह् राजनैतिक, मुनाफा बितरण नगर्ने विशेषज्ञहरुको सँस्थाको रुपमा कार्य गर्ने ।

(ङ) सरकारी, गैह् सरकारी वा निजीक्षेत्रका निकायहरु तथा खाद्य, औषधी र अन्य बस्तुहरु उत्पादन गर्ने उद्योगहरुमा अन्तराष्ट्रीय आवश्यकतानुरुपको गुणस्तरिय ब्यबस्थापन र उत्पादनको सँस्कार प्रबर्धन गर्न पैरवी (advocacy) गर्ने र प्राबिधिक सहयोग प्रदान गर्ने ।

(च) सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय सभा, सम्मेलन, तालिम, समिक्षा, मुल्याँकन, गोष्ठी आदीमा फोरमको प्रतिनिधीत्व गर्ने ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिने छ ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

**५.** **<u>कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु</u>** : यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछ :-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्ने ।

(ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) कम्पनीको कार्य सँचालनार्थ बिदेशी सँघ, सँस्था तथा सहयोग निगम सँग सम्पर्क राखी बिदेशी परापर्शदाता वा बिशेषज्ञहरुको साथै अन्य सहयोग लिने ।

(च) कम्पनीको कार्य सँचालनकोलागी स्वदेशी सँघ सँस्था वा सरकारी निकाय सँग वा ब्यक्तिगत सम्पर्क राखी राष्ट्रियस्तरका बिशेषज्ञहरुको साथै अन्य सहयोग लिने ।

(छ) कम्पनीको लक्ष तथा उद्दस्य अनुसार सभा, सम्मेलन, गोष्ठी, तालिम, बैठक आदी सँचालन गर्नुको साथै योजना मुल्याँकन तथा परामर्श सेवा प्रदान गर्ने ।

**६.** **<u>कम्पनीको प्रारम्भिक पूँजी रकम</u>** : ने. रु १००,०००/–,अक्षरुपी एक लाख रुपैया, आवश्यक रकम फोरमका सँस्थापक सदस्यहरु बाट जम्मा गरिने छ ।

७. **कम्पनीको लागि शेयर पूँजी आवश्यक नपर्ने :** (१) यो कम्पनी संस्थापना गर्दा कुनै शेयर पूँजी आवश्यक पर्नेछैन ।

तर कम्पनीले आफ्ना सदस्यहरुबाट सदस्यता शुल्क प्राप्त गर्न र आफ्नो उद्देश्य पूरा गर्न कानून बमोजिम कसैबाट कुनै दान वा अनुदान प्राप्त गर्न सक्नेछ ।

(२) कम्पनीका सदस्यहरुले सदस्यताको किसिम अनुसार सदस्यता शुल्क वापत रकम बुझाउनु पर्ने हुन्छ एकमुष्ठ रकम बुझाई सकेको भएमा वार्षिक सदस्यता शुल्क बुझाउनुपर्ने छैन ।

(३) कम्पनीका सदस्यहरुबाट प्राप्त रकम वा अन्य अनुदान रकम छुट्टै कोषमा जम्मा गरिनेछ  र सो कोषमा रहेको रकम कम्पनीको पूँजी हुनेछ । यस्तो रकम कम्पनीको नियमित कारोबारको सिलसिलामा वा कम्पनीको उद्देश्य हासिल गर्न खर्च गर्न सकिने छ ।

(४) कम्पनीको उद्देश्य परिपूर्ति गर्न आवश्यकतानुसार अक्षय कोषको स्थापना गर्न सकिने छ ।

८. **मुनाफा वितरण गर्न नपाउने :** (१) कम्पनीले आर्जन गरेको मुनाफाबाट लाभांश, बोनस वा अन्य कुनै रकम यसका सदस्य वा कर्मचारीलाई वितरण गरिने छैन ।

(२) कम्पनीले आर्जन गरेको मुनाफा कम्पनीको पूँजी वृद्धि गर्न वा कम्पनीको उद्देश्य प्राप्तिका लागि मात्र खर्च गरिने छ ।

९. **कम्पनीको सदस्यता प्राप्ति र नवीकरण:** कम्पनीको सदस्यता प्राप्त गर्न आवश्यक पर्ने शर्त र योग्यता, सदस्यताको किसिम, सदस्यता प्राप्त गर्ने र नवीकरण गर्ने प्रकृयाहरु निम्नानुसार हुनेछ । कम्पनीको सदस्यताको लागी सरकारी वा गैह् सरकारी सँस्था वा निकाय तथा ब्यक्तीगत रुपमा आबेदन दिन सक्नेछ र सदस्यताको किसिम **आजिबन** वा **साधारण** हुन सक्नेछ ।

**आवेदकको योग्यता निम्नानुसार हुनु पर्नेछ ।**

**(क)** सँस्था वा निकायको हकमा उक्त सँस्था वा निकाय, एस. एम. टी. क्यू क्षेत्रमा कार्यरत भएको हुनु पर्ने छ ।

**(ख)** ब्यक्तीको हकमा स्नातकोत्तर वा सो सरहको मान्यता प्राप्त उपाधी हासील गरी एस. एम. टी. क्यू क्षेत्रमा कम्तीमा पाँच बर्ष सम्म कृयाशिल भई कार्य गरेको अनुभवको प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

**(ग)** आबेदन पत्रको ढाँचा कम्पनीको कार्यालयबाट प्राप्त गर्न सक्नेछ ।

**(घ)** साधारण सदस्यताको अवधि एक बर्षको हुनेछ र हरेक आर्थिक बर्ष समाप्त भएको तीस दिन भित्र अनिवार्य रुपमा नबिकरण गर्नु पर्नेछ ।

१०. **सदस्यता हस्तान्तरण नहुने :** कम्पनीको सदस्यता कुनै किसिमले हस्तान्तरण हुन सक्ने छैन ।

११. **सदस्यता समाप्त हुने अवस्था :** यस कम्पनीका सदस्यहरुको सदस्यता देहायको अवस्थामा कायम रहने छैन :-

(क) कम्पनीको सदस्यताबाट राजिनामा दिएमा,

(ख) कम्पनीको सदस्यको देहान्त भएमा,

(ग) कुनै संगठित संस्था कम्पनीको सदस्य भएकोमा त्यस्तो संस्था खारेज भएमा वा अन्य संगठित

संस्थासँग गाभिएमा,

(घ) कम्पनीको सदस्य दामासाहीमा परेमा,

(ङ) प्रचलित कानून बमोजिम कम्पनीको सदस्य कायम रहन अयोग्य भएमा,

(च) कम्पनीको लक्ष तथा उद्दस्य बिपरित अमर्यादित कार्य गरेको प्रमाणित भएमा साधारण सभा बाट पारीत भई सदस्यता स्वतः खारेजीमा परेमा,

(छ) समयमा नबिकरण नगरेमा ।

१२। **दायित्व सीमित हुने :** कुनै सदस्यले लिखित रुपमा स्वीकार गरेको अवस्थामा बाहेक कम्पनीको ऋण वा दायित्वमा यसका सदस्य जिम्मेवार हुने छैनन् ।

१३. **अन्य आवश्यक कुराहरु :** (१)कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्ने छ ।

(२) कम्पनीले कारोवार शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट बिना ब्याजको साधारण कर्जाको रुपमा सम्पत्ति प्राप्त गर्न सक्नेछ

१४. **कम्पनीको प्रकृति अनरुप प्रचलित कानून अनुसार थप व्यवस्था गर्ने :** आवश्यकता अनुसार कम्पनीको उद्देस्य बिपरित नहुने गरी कार्य क्षेत्र बढाउन सक्नेछ ।

१५. **प्रबन्धपत्र संशोधन भएमा लागू हुने अवस्था :** यस प्रबन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नुपर्ने भएमा साधारण सभा बाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिने छ ।

१६. **प्रवन्धपत्र बाभिएको हदसम्म अमान्य हुने :** यस प्रवन्धपत्रका दफाहरु कम्पनी ऐन,२०६३ वा अन्य प्रचलित कानूनसँग बाभिएमा बाभिएको हदसम्म त्यस्ता दफाहरु स्वतः वदर हुनेछन् ।

१७. **संस्थापकहरुको विवरण र उदघोषण:** हामी (१) पूर्ण प्रसाद मानन्धर (२) डा. टीका बहादुर कार्की (३) डा. देव भक्त शाक्य (४) श्रीकृष्ण श्रेष्ठ र (५) राजेन्द्र बहादुर तुलाधर, यस, **एस. एम. टि. क्यू फोरम नेपाल, (SMTQ Forum Nepal)** कम्पनी का सँस्थापकहरुले यो कम्पनी सँस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मन्जुर गरेका छौं । यो प्रबन्ध पत्र हामीले तयार गरी पेस गरेको हाम्रो नाम, ठेगाना, हस्ताक्षर, र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले भुठ्ठा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सृजना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रबन्ध पत्रमा लेखिएका कुरा साँचो हो भुठ्ठा ठहरे कानून बमोजिम सहन बुझाउन मंजुर छौं भनी सहीछाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहीछाप | बाबु/पतिको नाम | नागरिकता नं. र नागरिकता प्राप्त गरेको जिल्ला/ विदेशी भए राहदानी नं. | साक्षीको नाम, थर, ठेगाना र सहीछाप | साक्षीको नागरिकता नं. र जिल्ला |
|---|---|---|---|---|
| दस्तखत:<br><br>१. नाम : पूर्ण प्रसाद मानन्धर<br>ठेगाना: काठमाडौं जिल्ला, का.म नगरपालिका, वडा नं. २३ ब्लक नं. ५/१६ झोछें लायकुसाल<br>सम्पर्क फोन नं. : ४२२२२१८<br>इ-मेल: ppmanandhar2000@gmail.com<br><br>दा. बा | स्व. श्री तुल्सीनारायण मानन्धर | १०२४३ काठमाडौं | द.<br><br>नाम :<br>ठेगाना.....................जिल्ला.... ...........नगरपालिका/ गा.वि.स. वडानं.........ब्लकनं.............<br><br>दा. बा. | |
| दस्तखत:<br><br>२. नाम : डा. श्री टीका बहादुर कार्की<br>ठेगाना: भक्तपुर जिल्ला, गुण्डु गा.बि.स, बडा नँ ५, कार्की गाउँ<br>सम्पर्क फोन नँ. : ६६१०८०६<br>इ-मेल: tbk@wlink.com.np<br><br>दा. बा | स्व. श्री बेगबहादुर कार्की | २३८३/०२३ काठमाडौं | द.<br>ठेगाना.....................जिल्ला.... ................नगरपालिका/ गा.वि.स.<br>वडानं.........ब्लकनं.............<br><br>दा. बा | |

| संस्थापकको नाम, ठेगाना र सहीछाप | बाबु/पतिको नाम | नागरिकता नं. र नागरिकता प्राप्त गरेको जिल्ला/ विदेशी भए राहदानी नं. | साक्षीको नाम, थर, ठेगाना र सहीछाप | साक्षीको नागरिकता नं. र जिल्ला |
|---|---|---|---|---|
| दस्तखतः<br><br>१. नाम : डा. श्री देब भक्त शाक्य<br>ठेगानाः ललितपुर जिल्ला,<br>ल.पु.उपमहा नगरपालिका, वडा नं. २२<br>आलुको, चाकुपात<br>सम्पर्क फोन नं. : ५५२७८८३<br>इ-मेलः dbshakya@wlink.com.np<br><br>दा. बा | स्व. श्री पन्नाकाजी शाक्य | ५९४७/ ३११९ काठमाडौं | द.<br><br>नाम :<br>ठेगाना.............................जिल्ला<br>.................नगरपालिका/गा.वि.स.<br>वडानं...............व्लक नं.............<br><br>दा. बा. | |
| दस्तखतः<br><br>२. नाम : श्री श्रीकृष्ण श्रेष्ठ<br>ठेगानाः काठमाडौं जिल्ला,<br>का. म. न. पा वडा नँ २५,<br>प्याफल ग २–७६४<br>सम्पर्क फोन नँ. : ९८५१०२३६६२<br>इ-मेलः shreekrsh@yahoo.com<br><br>दा. बा | स्व. श्री हरीकृष्ण श्रेष्ठ | ६५३१/ १५७८ काठमाडौं | द.<br><br>नाम :<br>ठेगाना...........................जिल्ला<br>..............नगरपालिका/गा.वि.स.<br>वडानं...........व्लकनं.............<br><br>दा. बा | |

| संस्थापकको नाम,<br>ठेगाना र सहीछाप | बाबु/पतिको नाम | नागरिकता नं. र नागरिकता प्राप्त गरेको जिल्ला/ विदेशी भए राहदानी नं. | साक्षीको नाम, थर, ठेगाना र सहीछाप | साक्षीको नागरिकता नं. र जिल्ला |
|---|---|---|---|---|
| दस्तखतः<br><br>१. नाम : श्री राजेन्द्र बहादुर तुलाधर<br>ठेगानाः काठमाडौ जिल्ला,<br>काठमाडौँ महानगरपालिका, वडा नं. १५<br>४५८/९५ छाउनी अस्पताल सडक<br>सम्पर्क फोन नं. : ५५२७८८३<br><br>दा. बा | स्व. श्री गोबिन्द बहादुर तुलाधर | ७/३१२<br>काठमाडौँ | दस्तखत.<br><br>नाम :<br>ठेगाना............................जिल्ला<br>.................नगरपालिका/गा.वि.स.<br>वडा नं. ..........व्लक नं.............<br><br>दा. बा. | |

इती सम्बत् २०... साल ...... महिना ........ गते रोज ..... शुभम्------